नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
स्याङ्जा
स्थानीय प्रशासन शाखा

०६३-४२४२११ प्रशासन
www.daosyangja.moha.gov.np
daosyangja@moha.gov.np
syangjadao.42@gmail.com

पत्र संख्या :- ०८३/०८४
चलानी नं.:-

नेपाल

जग्गा प्राप्ति सम्बन्धी सूचना ।।।

(प्रकाशित मितिः२०८३/७/२७)

नेपाल सरकार मन्त्रिपरिषदको मिति २०८३/०६/१९ गतेको निर्णयले सशस्त्र प्रहरी बल नेपाल नं. ३० गुल्म हे.क्वा. स्याङजाका लागि जिल्ला स्याङजा, वालिङ नगरपालिका वडा नं. ८ घ्याङ्लिङ्ग स्थित श्री पूर्णामृत भवानी माध्यामिक विद्यालयको स्वामित्वमा रहेको ऐ.ऐ स्थित तपसिलको जग्गा प्राप्ति गर्ने निर्णय, सशस्त्र प्रहरी बल नेपाल नं. ३० गुल्म हे.क्वा. स्याङजाको च.न.२१५, मिति २०८३/७/१७ को पत्र साथ पेश भएको जग्गा प्राप्ति ऐन, २०३४ को दफा ८ बमोजिमको प्रारम्भिक कारवाहीको प्रतिवेदन, जिल्ला सुरक्षा समितिको बैठकको निर्णय समेतका आधारमा ऐ.ऐ ऐनको दफा ९(१) अनुसार जग्गा प्राप्तिका लागि १५ दिने सार्वजानिक सूचना प्रकाशन गरिएको छ ।सो उपर कसैको दाबी, उजुरी गुनासो भएमा ऐनको दफा ११(१) बमोजिम उजुरी गर्न सकिनेछ ।सो समय भित्र विधिवत उजुरी प्राप्त नभएमा कानून बमोजिम भै जाने बेहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिलः

क) जग्गा प्राप्त गर्नुपर्ने कामको विवरण : सशस्त्र प्रहरी बल, नेपाल नं. ३० गुल्म हे.क्वा. स्याङ्जाले हाल भोगचलन गरिरहेको र सो कार्यालयलाई स्थायी रुपमा सञ्चालन, व्यवस्थापन गर्ने।

ख) प्राप्त गर्ने जग्गाको विवरणः जिल्ला स्याङजा, साविक वालिङ नगरपालिका वडा नं. ४ हाल सोहि नगरपालिका वडा नं. ८ स्थित कि.न. ४८२, क्षेत्रफल २९-५-२-१ रोपनी जग्गा,

ग) जग्गा रहेको स्थानः जिल्ला स्याङजा, वालिङ नगरपालिका वडा नं. ८

घ) जग्गाको चार किल्लाः पूर्व - कित्ता नं. ४७२ ज.ध. भुवानी संकर कोईराला समेत
पश्चिम - कित्ता नं. ४७१४ ज.ध. दिपक बगाले समेत
उत्तर - कित्ता नं. ४४०२ ज.ध. बिरवल तिवारी समेत
दक्षिण - कित्ता नं. ४८३ ज.ध. यज्ञ प्रसाद कोईराला समेत

ङ) अन्य विवरणः मिति २०६०/०४/१० देखि सशस्त्र प्रहरी बल नेपाल नं. ३० गुल्म हे.क्वा. स्याङजाले भोगचलन गरि कार्यालय सञ्चालन गरिरहेको।

२०८३।०६।२६
निराजन घिमिरे
प्रमुख जिल्ला अधिकारी